गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी
गण्डकी प्रदेश, नेपाल
२०७२

८८औं

## मिति २०७९।०३।२१ गते बसेको ८८औं नगर कार्यपालिका बैठकका निर्णयहरु:

**निर्णय नं. १** गैडाकोट नगरपालिकाको स्वामित्वमा रहेका अस्पताल, स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य सेवा केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि २०७९ को दफा ४ को उपदफा १ बमोजिमको अस्पताल व्यवस्थापन समितिमा तपशिल बमोजिमका उपाध्यक्ष तथा सदस्यहरु मनोनयन गर्ने निर्णय गरियो ।

**तपशिल**

खण्ड ख बमोजिमको उपाध्यक्ष – श्री जुना गौतम, गैंडाकोट - ११

खण्ड च बमोजिमको सदस्यहरु - १. श्री बन्धु कोईराला, गैंडाकोट - १२

२. श्री बाबुराम पराजुली, गैंडाकोट - ११

३. श्री कान्तिमाया पुरी गिरी, गैंडाकोट - १५

खण्ड छ बमोजिमको सदस्य - श्री देवकला बराल, गैंडाकोट - १०

**निर्णय नं. २** गैडाकोट नगर कार्यपालिकाको कार्यालय र अन्तरगतका वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत करार/ज्यालादारी कर्मचारीहरुको कार्यसम्पादन स्तर तथा कार्यरत कार्यालयहरुको सिफारिस समेतको आधारमा कार्यसम्पादन स्तर सन्तोषजनक रहेका कर्मचारीहरुको नगर कार्यपालिकाको कार्यालयबाट करार सम्झौता नवीकरण गर्ने निर्णय गरियो । सम्झौता नवीकरण नभई रिक्त हुने पदहरुमा तथा स्वीकृत दरबन्दीमा करारबाट पदपूर्ति नभए सम्मको लागि कार्यालयबाट ज्यालादारीमा कार्य सम्पादन गराउने निर्णय गरियो । करार सम्झौता नवीकरण गर्ने क्रममा करारमा कार्यरत कर्मचारीहरुलाई नेपाल सरकारबाट सम्बन्धित पदको लागि तोकिएको शुरु तलब स्केल बराबरको पारिश्रमिक र सुविधा उपलब्ध गराउने र ज्यालादारीमा कार्यरतको लागि आ.व. ०७९।८० मा नगर दररेटमा तोकिएको ज्याला उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३** नगर कार्यपालिकाको कार्यालयबाट व्यवस्थापन भएका तपशिल बमोजिमका ठेक्काहरुको सम्बन्धित ठेकेदार कम्पनीहरुबाट प्राप्त निवेदन तथा निर्माणस्थलमा देखिएको कार्यप्रगति समेतका आधारमा देहाय बमोजिम म्याद थप गरी आगामी वर्षको क्रमागत आयोजना (अ.ल्या.) शिर्षकबाट खर्च व्यहोर्ने गरी बहुवर्षिय ठेक्काको रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | नयाँ कार्य सम्पन्न गर्नु पर्ने म्याद |
|---|---|---|---|
| | 05/GM/NCB/2078-079 | Construction of Covered Hall at Regional Stadium at Gaindakot Municipality | 2079/05/31 |
| | 06/GM/NCB/2078-079 | Upgrading (Blacktopping) of Mayor Marga and Nagartadi Marga Ward No. 6 and 14 | 2079/06/31 |

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

...किरण रिजाल
...प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | 07/GM/NCB/2078-079 | Upgrading of Roads At Ward No. 6 and 15 | 2079/06/31 |
| | 09/GM/NCB/2078-079 | Construction of Ward office of Gaindakot Municipality Ward No. 10, 11(Phase II) | 2079/05/31 |
| | 10/GM/NCB/2078-079 | Upgrading of Roads At Ward No. 5, 8 and 16 | 2079/06/31 |
| | 03/GM/NCB/2078-079 | Construction of Deepjyoti School Building at Ward No. 14 | 2079/05/31 |
| | 02/GM/NCB/2078-079 | Construction of Durga Adharvut School Building at Ward No. 10 | 2079/05/31 |

**निर्णय नं. ४** गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को नियम १२७ बमोजिम वडा नं. १४ मा निर्माणाधिन दिपज्योती आधारभूत विद्यालयको रु २१४४३८४।०२ (२१.७०%) को भेरियसन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** नगर कार्यपालिकाको ८४ औ बैठकको निर्णय समेतका आधारमा सडक वोर्ड नेपालबाट प्राप्त रकममा नपुग हुने रकम नगरपालिकाबाट साझेदारी गर्ने गरी वडा नं. ७ को पिस पार्क हरिहर मार्ग सडक स्तरोन्नतीको लागि रु. १ करोड २० लाखको बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

मुक्तिराज रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख